नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा**

☎ ४१०००८०
फ्याक्स : ४१०००५२
E-mail: phcrd.teku@gmail.com
website: www.phcrd.gov.np

पचली, टेकू
काठमाडौं,

पत्र संख्या :- ०७३/७४
चलानी नम्बर: २६८

मिति: २०७३।९।४

विषय: निर्देशन पालना बारे ।

श्री क्षेत्रीय निर्देशक ज्यू,
क्षेत्रीय स्वास्थ्य निर्देशनालय,
धनकुटा/हेटौडा/पोखरा/सुर्खेत/दिपायल ।

प्रस्तुत विषयमा यस महाशाखाको मिति २०७३।७।२३ च.नं. १९० को पत्र प्राप्त गर्नु भएकै होला, सो सम्वन्धमा पुन: ताहाँ निर्देशनालय तथा अन्तर्गत जिल्लाहरुवाट चालु आ.व. २०७३।७४ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसारको नि:शुल्क अत्यावश्यक औषधी खरिद लगायत महाशाखाबाट माग गरिएका निम्नानुसारको विवरणहरु खुलाई ३ (तिन) दिन भित्र यस महाशाखालाई उपलब्ध गराइदिनु हुन अनुरोध छ । माग गरिएका विवरण तथा स्वास्थ्य मन्त्रालय/स्वास्थ्य सेवा विभागबाट यस अघि दिइएका निर्देशनहरुको पालना न गरेका निकायहरुलाई आवश्यक कारबाही हुने व्यहोरा समेत आदेशानुसार अनुरोध गरिन्छ । साथै यी कार्यहरुको अनुगमन सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट समेत भइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

तपसील:

१. क्षेत्रीय स्वास्थ्य निर्देशनालय र मातहतका जिल्ला स्वास्थ्य /जन स्वास्थ्य कार्यालयहरु तथा पच्चिस शैया सम्मका अस्पतालहरुले नि:शुल्क अत्यावश्यक औषधी खरिद गरिसकेको, प्रकृया शुरु गरेको र खरिद नै नगरेको विवरण ।
२. स्वास्थ्य मन्त्रालयको च.नं. ९८२, मिति २०७३।६।९ को पत्रबाट स्वास्थ्य मन्त्रालयका सचिव ज्यूबाट हस्ताक्षरित पत्रका साथै स्वास्थ्य मन्त्रालयको **Web site** मा समेत राखिए अनुसार स्वास्थ्य संस्थाहरु ( प्रा.स्वा.के.र स्वा.चौ.) १० देखि ५ बजे सम्म खोली सेवाग्राहीलाई आकस्मिक लगायतका अन्य सेवा प्रदान गर्नुपर्ने भन्ने परिपत्र भए अनुसार त्यस क्षेत्र/जिल्ला मातहतका उक्त स्वास्थ्य संस्थाहरुले सो बमोजिम गरे नगरेको विवरण । सो अनुसारको निर्देशन पालना नगरेका जि.स्वा.का. प्रमुखको हकमा क्षेत्रीय स्वास्थ्य निर्देशनालयले र स्वास्थ्य संस्था (प्रा.स्वा.के./स्वा.चौ.) प्रमुखको हकमा जिल्ला स्वास्थ्य कार्यालय प्रमुखले नामावली समेत उपलब्ध गराउन हुन ।
३. यस महाशाखावाट पठाइएको च.नं. १७८, मिति २०७३।७।१२ को पत्रानुसार स्वास्थ्य संस्थाहरुवाट सर्वसाधारणहरुलाई प्राप्त हुने नि:शुल्क अत्यावश्यक औषधीहरुको सुची (जिल्ला अस्पतालाट ७०, प्रा.स्वा.के.बाट ५८ र स्वा.चौ.बाट ३५ प्रकारका औषधीहरु) खुलेको फ्लेक्स बोर्ड स्वास्थ्य संस्थामा सर्वसाधारणले देख्न सक्ने गरी अनिवार्य रुपमा राखे नराखेको विवरण ।

(मोहम्मद दाउद)
निर्देशक

**बोधार्थ :**

श्री सचिव ज्यू, स्वास्थ्य मन्त्रालय, रामशाह पथ, काठमाण्डौ ।
श्री महानिर्देशक ज्यू,स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ ।
श्री प्रमुख ज्यू,जिल्ला स्वास्थ्य /जन स्वास्थ्य कार्यालय (७५) ।